# <u>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७</u>

**<u>प्रस्तावना:</u>** नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता वितरण गर्दा व्यवस्थित, प्रभावकारी र पारदर्शी ढङ्गले वितरण गर्न र सो को प्रकृया निर्धारण गर्न वाञ्छनीय भएकोले,
सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, गृह मन्त्रालयले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “ऐन” भन्नाले सामाजिक सुरक्षा ऐन, २०७५ सम्झनु पर्छ।

(ख) “नियमावली” भन्नाले सामाजिक सुरक्षा नियमावली, २०७६ सम्झनु पर्छ।

(ग) “परिचयपत्र” भन्नाले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिलाई नियमावलीको नियम ८ को उपनियम (१) बमोजिम जारी गरिएको सामाजिक सुरक्षा परिचयपत्र सम्झनु पर्छ।

(घ) “प्रणाली” भन्नाले विभागले संचालनमा ल्याएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण व्यवस्थापन गर्न प्रयोग भएको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सम्झनु पर्छ।

(ङ) "फर्वार्ड फिड" भन्नाले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण बैंक र स्थानीय तहको सम्मझौता बमोजिम खाता खोल्ने प्रयोजनको लागि स्थानीय तहले बैंकलाई चौमासिक रुपमा उपलब्ध गराउने डिजिटल माध्यममा रहेका विवरणहरूको एकमुष्ट सूची (ब्याच) सम्झनु पर्छ ।

(च) "बैंङ्क" भन्नाले नेपाल राष्ट्र बैंङ्कबाट स्वीकृति प्राप्त "क", "ख" वा "ग" वर्गको बैंङ्क वा वित्तीय संस्था सम्झनु पर्छ।

(च) “भत्ता” भन्नाले ऐन बमोजिम प्रदान गरिने सामाजिक सुरक्षा भत्ता सम्झनु पर्छ।

(छ) “मन्त्रालय” भन्नाले नेपाल सरकार गृह मन्त्रालय सम्झनु पर्छ।

(ज) “माथवर व्यक्ति” भन्नाले कानून बमोजिम कुनै संरक्षक नभएका र भत्ता पाउन योग्य ठहर भएका लाभग्राही मध्ये अपाङ्गता भएका व्यक्ति, असहाय वा अशक्त अवस्थामा

रहेका व्यक्ति वा आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिको हेरचाह, पालन पोषण तथा संरक्षण गर्ने व्यक्ति सम्झनु पर्छ।

(झ) "लक्षित समूह" भन्नाले ऐनको दफा ३ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने समूह सम्झनु पर्छ।

(ञ) "लाभग्राही" भन्नाले लक्षित समूहमा परेका भत्ता पाउने नागरिक सम्झनु पर्छ।

(ट) "विभाग" भन्नाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सम्झनु पर्छ।

(ठ) "संरक्षक" भन्नाले मुलुकी देवानी संहिता, २०७४ को दफा १३५ बमोजिमको संरक्षकलाई सम्झनु पर्छ। साथै यो शब्दले भत्ता पाउन योग्य बालबालिकाको संरक्षण तथा पालन पोषण गर्ने निजको आमा र आमा नभएमा बाबु वा संरक्षण गर्ने व्यक्ति समेतलाई सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ढ) "स्याहार सुसार गर्ने व्यक्ति" भन्नाले अशक्त, असहाय, असक्षम वा अर्धसक्षम लाभग्राहीको भोजन, सरसफाई, औषधोपचारको व्यवस्था गर्ने र दैनिक जीवनयापनमा सहजिकरण गर्ने तथा सो कार्यका लागि लाभग्राहीले पारिश्रमिक दिने वा नदिने गरी काममा लगाएको वा आफ्नो रुची भएको व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद -२

## लाभग्राहीको नाम दर्ता तथा नवीकरण

३. **नाम दर्ताका लागि निवेदनः** (१) ऐन बमोजिम भत्ता पाउन योग्य र इच्छुक नेपाली नागरिकले सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको रुपमा सूचीकृत हुनका लागि सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा नियमावलीको नियम ५ को उपनियम (३) मा उल्लिखित कागजातका अतिरिक्त देहायका लाभग्राहीले देहायका प्रमाण कागजात सहित निवेदन दिन सक्नेछन् :

(क) आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिको हकमा ऐनको दफा २ को खण्ड (ङ) बमोजिम नेपाल मेडिकल काउन्सिलबाट स्वीकृति प्राप्त चिकित्सकबाट प्रमाणित कागजात।

(ख) एकल महिला भत्ता प्राप्त गर्नको लागि पति बेपत्ता भएका महिलाको हकमा प्रचलित कानून बमोजिम मृत्युको न्यायिक घोषणा भएको प्रमाण।

(ग) बसाई सरी आएको भए साविक स्थानीय तहमा रहेको प्रणालीको लाभग्राही सूचीबाट लगत कट्टा गरी अनुसूची-१ बमोजिमको बसाइँ सराइ गर्नेको लगत स्थानान्तरण फाराम र बसाई सराई गरेको प्रमाण पत्र।

(२) यस दफा बमोजिम प्राप्त निवेदनमा नियमावलीको नियम ५ बमोजिम वडा कार्यालयले छानविन गरी रितपूर्वक भएमा वडा समितिमा पेश गर्नु पर्नेछ। रितपुर्वक कागजात नपुगेको अवस्थामा सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(३) नियमावलीको नियम ६ बमोजिम वडा समितिले प्रारम्भिक छानविन तथा आवश्यक जाँचबुझ गर्दा मनासिव देखिएमा सिफारिससाथ स्थानीय तहको कार्यालयमा पठाउनु पर्नेछ।

(४) स्थानीय तहले प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा निवेदन स्वीकृत गर्नुपर्नेछ।

(५) स्वीकृत निवेदन अनुसारको लाभग्राहीको विवरण १५ दिन भित्रमा अनिवार्य रुपमा प्रणालीमा प्रविष्ट गरी सो को जानकारी सम्बन्धित वडा कार्यालयलाई दिनुपर्नेछ।

४. **परिचयपत्र नवीकरणः** (१) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची -२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनमा लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेको भए निजको दस्तखत/सहिछाप रुजु गरी वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ।

(३) संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति मार्फत निवेदन पेश गरेको भए निजको सनाखत गराई वडा सचिवले निवेदन रुजु गरी रित पुगेको भए वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ। रित नपुगेको भए लिखित कारण सहित निवेदकलाई फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको निवेदन फाराम स्थानीय तहले वडा कार्यालयबाट निःशुल्क उपलव्ध गराउनु पर्नेछ।

(५) नवीकरण गरिएका लाभग्राहीको अभिलेखको सूची अनुसूची -३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(६)उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिनेछ। निजले पुनःलाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिन सक्नेछन्।

५. **नवीकरणको विवरण अद्यावधिक गर्नेः** (१) स्थानीय तहले प्रत्येक आर्थिक वर्षको लागि कार्तिक मसान्तभित्र नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण अद्यावधिक नभई सामाजिक सुरक्षा भत्ता वितरण गर्न पाईने छैन।

(३) उपदफा (१) बमोजिम लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने छ।

६. **परिचयपत्र प्रदान गर्ने:** (१) नियमावलीको नियम ६ को उपनियम (५) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको अभिलेख राखी वडा कार्यालयलाई जानकारी दिदा स्थानीय तहले त्यस्तो लाभग्राहीको परिचयपत्र समेत जारी गर्नु पर्नेछ।

(२) प्रणालीमा विवरण प्रविष्टि भएपछि प्राप्त हुने १३ अंकको नम्बरलाई नै सामाजिक सुरक्षा परिचयपत्र नम्बर कायम गरी सम्बन्धित लाभग्राहीको परिचयपत्र व्यवस्थित गर्ने कार्य स्थानीय तहले गर्नुपर्ने छ।

(३) लाभग्राहीलाई परिचयपत्र प्रदान नगरी भत्ता रकम उपलब्ध गराइने छैन।

७. **बजेट व्यवस्था:** दफा ५ बमोजिमको लाभग्राहीको विवरणको आधारमा विभागले अनुसूची-४ बमोजिम अनुमानित बजेट र संख्यात्मक विवरणको आधारमा प्रत्येक स्थानीय तहलाई बजेट व्यवस्था गर्नेछ।

८. **भत्ता पाउने उमेरको गणना:** (१) भत्ता पाउन योग्य लाभग्राहीको उमेरको गणना गर्दा नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिलाई आधार मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको हकमा उमेर गणना गर्दा जन्म दर्ता प्रमाणपत्रमा उल्लिखित उमेरलाई आधार लिइनेछ।

(३) नागरिकता प्रमाणपत्रमा जन्मिएको साल र उमेर खुलेको भए जारी मितिलाई आधार मानिनेछ। साल र महिना खुलेको तर गते नखुलेको हकमा सोहि महिनाको मसान्तलाई मानिनेछ।

## परिच्छेद -३
## लाभग्राहीको अभिलेख

९. **भत्ता पाउनेः:** देहाय बमोजिमका लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेछनः-

(क) ऐनको दफा ३, ४, ५, ६, ७, ८, ९, १० र ११ मा उल्लिखित नेपाली नागरिक,

(ख) ऐनको दफा ४ को उपदफा (२) बमोजिम नेपाल सरकारले तोकेको वा तोकेको क्षेत्रमा बसोबास गर्ने साठी वर्ष उमेर पुगेका सबै जेष्ठ नागरिक,

(ग) ऐनको दफा ९ बमोजिम नेपाल सरकारले तोकेका नेपाल भरका पाँच वर्ष उमेर पूरा नगरेका अनुसूची -१३ बमोजिमका दलित समुदायका बालबालिका र नेपाल सरकारले तोकेका अनुसूची -५ बमोजिमका जिल्लाका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिका।

(२) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति भएको निर्वाचित वा मनोनित भई वहाल रहेको व्यक्ति, नेपाल सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्तिले समेत दफा १५ को खण्ड (ग) बमोजिमको सुविधा पाएको मानिनेछ र त्यस्ता व्यक्तिले भत्ता पाउने छैनन्।

(३) लाभग्राहीले नाम दर्ता तथा नवीकरणका लागि दिएको निवेदनमा उप दफा (२) बमोजिम अन्य निकायबाट मासिक रुपमा कुनै सुविधा नपाएको स्व:घोषणा गर्नु पर्नेछ।

(४) उपदफा १, २, ३ र ४ को व्यवस्था विपरित कसैले दोहोरो हुनेगरी भत्ता पाएको जानकारी हुन आएमा तत्काल भत्ता दिन रोकी ऐनको दफा २१ बमोजिमको कसूरमा सोही दफाको उपदफा (२) र (३) अनुरूपको सजाय हुनेछ।

**१०. <u>लाभग्राहीको अभिलेख:</u>** भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची - ३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्नेछ।

**११. <u>लगत कट्टा गर्ने:</u>** (१)ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्नेछ।

(२) कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियामावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ। कुनै लाभग्राहीका प्रचलित कानून बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नु पर्नेछ। यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्नेछ।

**१२. <u>केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीको व्यवस्था:</u>** विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह, विभाग र बैंङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउनेछ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने प्राथमिक जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

## परिच्छेद ४
## भत्ता रकमको भुक्तानी तथा लेखा परीक्षण

१३. **लाभग्राहीले पाउने भत्ता रकम:** लाभग्राहीलाई नेपाल सरकारले तोकेको दर बमोजिम भत्ता उपलब्ध गराउनुपर्नेछ। यसरी तोकिएको दर अनुसूची- ६ तथा नेपाल सरकारले समय समयमा तोके बमोजिम हुनेछ।

१४. **रकम भुक्तानी तथा खर्च:** (१) प्रत्येक स्थानीय तहले प्रणालीमा प्रबिष्टि गरेको लाभग्राहीको अद्यावधिक विवरणका आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रकम निकासा/भुक्तानी प्राप्त गर्नेछन्।

(२) उपदफा १ बमोजिम सम्बन्धित स्थानीय तहले तयार गरेको लाभग्राहीको अद्यावधिक विवरण र भुक्तानी आदेशको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित लाभग्राहीको बैंङ्क खातामा सिधैं रकम भुक्तानी गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको रकम सामाजिक सुरक्षा भत्ता बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन र भत्ता पाइरहेका लाभग्राहीका लागि नेपाल सरकारबाट प्राप्त भत्ता रकममा प्रदेश सरकार वा स्थानीय तहले आफ्नो कोषबाट कुनै पनि रकम थप गरी प्रदान गर्न सक्ने छैन।

(४) स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा भत्ताको निकासा/भुक्तानी माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाब मिलानको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसूची -७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसूची -८ बमोजिमको फर्वाड फिडको आधारमा गर्नुपर्नेछ।

(६) अर्थ मन्त्रालयको स्विकृति विना अघिल्लो आ.व. मा भएको खर्च चालु आ.व. को बजेटबाट भुक्तानी गर्न पाईनेछैन।

(७) काबु बाहिरको परिस्थिती परी वा बजेटको अभाव भई भुक्तानी गर्न नसकिएको अवस्थामा स्थानीय तहले श्रावण महिनाभित्र देहायका विवरण राखि विभागमा लेखि पठाउनु पर्नेछ। विभागले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखेमा स्वीकृतीका लागि गृह मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाउने छ।

(क) कोष तथा लेखा नियन्त्रक कार्यलयबाट प्रमाणित भएको भुक्तानीको विवरण,

(ख) प्रणालीमा रहेको लाभग्राही संख्या, बजेट निकाशा र खर्चको विवरण र

(ग) विभागले माग गरेका अन्य कागजात तथा प्रमाणहरु।

१५. **<u>रकम वितरणको व्यवस्था:</u>** (१) स्थानीय तहले लाभग्राहीको भत्ता आर्थिक वर्षको प्रत्येक चौमासिकको अन्तसम्ममा भुक्तानी गरी सक्नु पर्नेछ।
तर नियमावलीको नियम १० को उपनियम (७) अनुसार मासिक रूपमा भत्ता वितरण गरीने भएमा सोही अनुरूप भत्ता भुक्तानी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम भत्ता भुक्तानी गर्दा सम्बन्धित लाभग्राहीको बैंङ्क खातामा जम्मा गर्नु पर्नेछ। लाभग्राही बाहेक अन्य व्यक्तिलाई भुक्तानी गरेको पाईएमा यसरी भुक्तानी गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

तर भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिन, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे बर्ष माथिका जेष्ठ नागरिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वितरण गरिनेछ।

(३) भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्नेछ।

(४) मृत्यु भएका लाभग्राहीको मृत्यु भएको दिनसम्मको सामाजिक सुरक्षा भत्ता निजका नजिकको हकवालाले प्राप्त गर्न सक्नेछन्।

१६. **<u>भुक्तानी विवरण प्रणालीमा प्रविष्टि गर्नुपर्ने:</u>** लाभग्राही सूचीका आधारमा प्रत्येक चौमासिकको भुक्तानी विवरण सम्बन्धित स्थानीय तहले प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

१७. **<u>खर्च लेख्ने अधिकारी जिम्मेवार हुनुपर्ने:</u>** बैंकिङ्ग पहुँच भएको स्थानीय तहमा बैंकिङ्ग प्रणाली मार्फत भत्ता वितरण नगरी नगद कारोबार गरी लाभग्राहीले झुठ्ठा भरपाई बनाई रकम हिनामिना गरेमा वा किर्ते दस्तखत गरेमा वा अन्य कुनै प्रकारले बदनियत पूर्वक रकम दुरुपयोग, हानी नोक्सानी भएमा त्यस्तो गर्ने राष्ट्रसेवकका अतिरिक्त खर्च लेख्ने अधिकारी र लेखा प्रमुख समेतलाई जिम्मेवार ठानी कानूनी कारवाही गरिनेछ।

१८. **रकम फ्रिज हुने:** (१) स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आर्थिक कारोवार बन्द गरेपछि प्रचलीत कानून बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंङ्क सँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ।

(३) भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्छ।

१९. **<u>आर्थिक कारोबारको लेखा परीक्षण:</u>** भत्ता वितरणको लागि निकासा लिएको रकम नियमानुसार खर्च गरी प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

२०. **<u>बसाइँ सराई गर्नेको भत्ता भुक्तानी:</u>** कुनै लाभग्राही आफू बसोबास गर्दै आएको स्थानीय तहबाट अर्को स्थानीय तहमा बसाइँ सरी गएमा वा आएमा त्यस्तो व्यक्तिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः

(क) बसाइँ सरी गएको लगत हस्तान्तरण फारम प्रमाणपत्र जारी गर्ने स्थानीय तहका वडा कार्यालयले बसाई सरी जाने व्यक्तिले खाइपाई आएको भत्ताको प्रकृति, खाइपाई आएको रकम र भुक्तानी पाएको अवधि समेत प्रणालीमा खुलाई बसाइँ सरेको जनाइ निजको नाम प्रणालीबाट लगत कट्टा गर्नु पर्ने र यसरी लगत कट्टा गर्दा कुन स्थानमा बसाइँ सरी गएको हो सो समेत जनाई अनुसूची -१ बमोजिमको ढाँचामा लेखी पठाउनु पर्ने।

(ख) खण्ड (क) बमोजिम बसाइँ सरी आएको खण्डमा प्रणाली अनुसार बसाइँ सराई दर्ता गरी हालको स्थानीय तहले त्यस्तो व्यक्तिको तेह्र अङ्कको साविकको परिचयपत्र नम्बरको प्रयोग गरी प्रणालीमा लगत कायम गर्नु पर्ने र लगत कायम भएपछि त्यस्तो लाभग्राहीले पाउन बाँकी रकम समेत नियमित रूपमा प्रदान गर्नु पर्ने।

(ग) लाभग्राहीले बसाइँ सरी आएको स्थानीय तहमा बसाई सराई गरेको मितिले ३० दिनभित्र बसाई सराईको प्रमाण पेश गरी लाभग्राहीमा सूचीकृत हुनुपर्नेछ। उक्त म्यादभित्र सम्पर्क गर्न नआएमा नयाँ लाभग्राहीको रूपमा सूचीकृत गरी अर्को महिनादेखि मात्र भत्ता भुक्तानी गरिनेछ।

## परिच्छेद-५
## <u>बैंङ्क मार्फत भत्ता वितरण</u>

२१. **<u>बैंङ्क मार्फत भत्ता वितरणः</u>** स्थानीय तहले ऐनको दफा १७ को उपदफा (३) बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा मिति २०७७/०७/२४ मा प्रकाशित अनुसूची-९ बमोजिमको सूचना अनुसार बैंङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्नेछ।

२२. **<u>बैंङ्क छनौटको व्यवस्था:</u>** (१) दफा २१ बमोजिम बैंङ्क मार्फत भत्ता वितरण गर्न स्थानीय तहले नेपाल राष्ट्र बैंङ्कबाट इजाजत प्राप्त 'क' 'ख' र 'ग' वर्गको बैंङ्क मध्ये एउटा वडामा एउटा मात्र बैंङ्क पर्नेगरी सेवा प्रदायक बैंङ्कको छनौट गर्नु पर्नेछ। तर बैंङ्कको उपलब्धता र क्षमता अनुसार एक वा एक भन्दा बढी वडाहरूमा एकै बैंङ्कले सेवा प्रवाह गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम बैंङ्क छनौट भएपछि स्थानीय तह र त्यसरी छनौट भएको बैंङ्कबीच अनुसूची -१० अनुसारको ढाँचामा द्विपक्षीय सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बैंङ्क छनौट भई सम्झौता भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले सम्झौताको प्रतिलिपि सहित सोको जानकारी विभागमा पठाउनु पर्नेछ।

२३. **<u>खाता सञ्चालन सम्बन्धी व्यवस्था:</u>** नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता वापत विभिन्न प्रकारका लाभग्राहीलाई प्रदान गरिने रकम बैंङ्क खाता मार्फत सरल र प्रभावकारी ढंगले वितरण गर्न देहाय बमोजिम सामाजिक सुरक्षा बचत खाता सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

(१) सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिका नाममा सोही बैंङ्क तथा वित्तीय संस्थामा अगाडि नै बचत खाता खोलेको भएमा सो खाता नै सञ्चालन गर्न सकिनेछ।

(२) यस प्रकारको खातामा जम्मा भएको रकममा साधारण बचत खातामा प्रदान गरिने ब्याजदर लगायतका अन्य सबै प्रकारका सुविधाहरू प्रदान गर्नुपर्नेछ।

(३) बैंङ्क वा वित्तीय संस्थाले यस्ता खातावाललाई ए.टि.एम. वा डेबिट कार्ड जारी गर्नुपर्नेछ।

(४) खाता सञ्चालन गर्ने बैंङ्क वा वित्तीय संस्थाले अन्य बचत खातावाललाई सरह विभिन्न माध्यमबाट कारोबारको जानकारी दिनुपर्नेछ।

(५) यस्तो खाता सञ्चालन गर्ने बैंङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्नेछ।

(६) उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न सम्बन्धित स्थानीय तह वा विभागबाट लेखी आएमा सोहि बमोजिम रोक्का वा फिर्ता गर्नु पर्नेछ।

२४. **<u>बैक खाता खोल्ने तथा भत्ता वितरण गर्ने प्रकृया:</u>** (१) बैंङ्क मार्फत भत्ता वितरण गर्दा दफा २२ बमोजिम छनौट भएको बैंङ्कले स्थानीय तहबाट प्रणाली मार्फत अनुसूची -८ फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्नेछ।

(२) बैंङ्कले उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीका नाममा निजको उपस्थिति विना शून्य मौज्दातमा वचत खाता खोल्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम खोलिएको खाता सम्बन्धित लाभग्राहीले आवश्यक कागजात पेश गरेपछि क्रियाशील हुनेछ।

(४) उपदफा (३) बमोजिम लाभग्राहीको खाता क्रियाशील गर्दा बालबालिकाको हकमा आमा वा बाबु वा आमा र बाबु नभए संरक्षकको दस्तखतबाट, अपाङ्गता भएका वा नब्बे बर्ष उमेर पूरा गरेका अशक्त जेष्ठ नागरिक वा आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिको हकमा लाभग्राहीले इच्छाएको निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्ति र लाभग्राहीको संयुक्त ल्याप्चे/सहिछाप वा दस्तखतबाट सञ्चालन गर्न सकिनेछ।

तर अति अशक्त अवस्थामा रहेका वा मानसिक सन्तुलन गुमाएका वा होस ठेगानमा नभएका वा नब्बे वर्ष माथिका अशक्त जेष्ठ नागरिक आफैले दस्तखत गर्न तथा सहिछाप समेत गर्न नसक्ने भनी मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित भएका लाभग्राहीको हकमा वडा कार्यलयबाट प्राप्त सिफारिशको आधारमा संरक्षक वा माथवर वा स्याहारसुसार गर्ने व्यक्तिको दस्तखतबाट लाभग्राहीको नाममा खाता सञ्चालन गर्न सकिनेछ।

(५) स्थानीय तहले बैंङ्कलाई प्रणालीमा रहेको लाभग्राहीको स्वीकृत विवरण अनुसारको रकम उपलब्ध गराउनु पर्नेछ। बैंङ्कले स्थानीय तहबाट रकम प्राप्त गर्ना साथ सम्बन्धित लाभग्राहीको खातामा जम्मा गर्नुपर्नेछ।

(६) बैंङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरिसकेपछि पहिलो चौमासिकको मंसिर सात गते भित्र, दोस्रो चौमासिकको चैत्र सात गते भित्र र तेस्रो चौमासिकको असार मसान्त भित्र वा मासिक रुपमा भत्ता वितरण गरिने भएमा अर्को महिनाको सात गतेभित्र भत्ता वितरणको विवरण अनुसूची- ८ बैंङ्कबाट प्राप्त गर्नुपर्नेछ।

२५. **<u>रकम वितरणको व्यवस्था:</u>** (१) लाभग्राहीलाई सहज रुपमा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न स्थानीय तहले बैंङ्कसँग समन्वय गरी शाखा, एटिएम, शाखारहित बैंङ्क, भुक्तानी केन्द्र, नगद भुक्तानी शिविर, ई-बैंकिङ्ग, आदि मार्फत भत्ता भुक्तानी सेवा प्रदान गर्नेछ।

(२) नब्बे वर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरीक, पूर्ण अपाङ्गता भएका नागरिक, आफ्नो हेरचाह आफैं गर्न नसक्ने भनी प्रमाणित भएका असक्त अवस्थाका नागरिकले पाउने भत्ता रकम बैंङ्कसँग भएको सम्झौता बमोजिम वितरण गर्न स्थानीय तहले आवश्यक सहजीकरणको व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यमा स्थानीय तह, वडा कार्यालय र सुरक्षा निकायले बैंङ्कलाई आवश्यक सहयोग गर्नुपर्नेछ।

२६. **<u>भुक्तानी प्रणाली:</u>** (१) सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा दाखिला हुनेछ।

(२) स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम सम्बन्धित संघीय सरकारको विनियोजन खातामा कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम जम्मा गर्नुपर्नेछ।

(३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंङ्कबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीकृत भुक्तानी प्रणाली अवलम्बन गरी भत्ता वितरण गर्न सकिनेछ।

## परिच्छेद ६
## अनुगमन तथा निरीक्षण र प्रतिवेदन

२७. **अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था:** (१) मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(२) प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्न सक्नेछन्।

(३) गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नेछन्।

२८. **कार्य सम्पादन परीक्षण:** (१) विभागले निश्चित मापदण्डका आधारमा छनोट भएका स्थानीय तहबाट सम्पादित भत्ता सम्बन्धी कार्यहरुको कार्य सम्पादन परीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने कार्य सम्पादन परीक्षणको विधि तथा सूचक विभागले तर्जुमा गरे अनुसार हुनेछ।

(३) यस दफा बमोजिम गरिएको कार्य सम्पादन परीक्षणको वार्षिक प्रतिवेदन विभागले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२९. **प्रणालीमा प्रतिवेदन गर्नुपर्ने:** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) सेवा प्रदायक मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची-१२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्नेछ।

३०. **प्रतिवेदन फाराम सम्बन्धी व्यवस्था:** भत्ता सम्बन्धी प्रतिवेदन तथा तथ्याङ्क फाराम, त्यस्ता फाराम भर्ने तथा पठाउने अवधि र तरिका विभागले आवश्यकता अनुसार निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद -७
## पारदर्शीता तथा जवाफदेहिता

३१. **विवरण पेश तथा समीक्षा गर्नु पर्ने:** (१) भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नु पर्नेछ।

(२) स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रूपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नु पर्नेछ।

३२. **पारदर्शीता कायम गर्नुपर्ने:** (१) स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंङ्क, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरूबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ।

(३) भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

३३. **उजुरी तथा छानविन सम्बन्धी ब्यवस्था:** (१) सर्वसाधारणको जानकारी र उजुरी प्रतिक्रियाको लागि स्थानीय तहले सात दिनको म्याद दिई प्रत्येक आर्थिक वर्षको मंसिर महिनामा भत्ता पाउने लाभग्राहीको सूची स्थानीय तहको कार्यालय, वडा कार्यालय लगायतका सार्वजनिक स्थानहरूमा प्रकाशित गर्नुपर्नेछ।

(२) ऐन तथा नियमावली अनुसार कसूर गरेकोमा वा प्रकाशित सूची सम्बन्धमा उजुरी तथा प्रतिकृया प्राप्त भएमा स्थानिय तहको न्यायिक समितिले उजुरी उपरको कार्वाही टुङ्गो लगाउनु पर्नेछ।

(३) सामाजिक सुरक्षा भत्ता नपाउनु पर्ने व्यक्तिले पाएको, पाउनु पर्ने व्यक्तिले नपाएको वा अन्य अनियमितता भएको विषयमा वा ऐन, नियमावली र यस कार्यविधि बमोजिमको सुविधा प्राप्त गर्ने उदेश्यले झुट्टा विवरण पेस गरी भत्ताको लागि परिचयपत्र प्राप्त गरेको वा दोहोरो भुक्तानी लिएको पाईएमा स्थानीय तहले भत्ता रोक्का गर्न, निश्चित समय सम्मका लागि परिचयपत्र स्थगित गर्न वा रद्द गर्न र हिनामिना वा दुरुपयोग गरेको वा कानून बमोजिम भत्ता नपाउने व्यक्तिलाई भत्ता दिएको ठहरेमा स्थानीय तहको न्यायिक समितिले आवश्यक कारबाही गरी भुक्तानी भई सकेको रकम असुल उपर गर्ने र बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(४) स्थानीय तहले उपदफा (३) बमोजिम कारबाही नगरेमा वा अपर्याप्त गरेमा वा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कुनै जनप्रतिनिधि वा पदाधिकारी वा कर्मचारीले मिलेमतो गरी वा नगरी हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरेमा वा कानून बमोजिम अयोग्य व्यक्तिलाई भत्ता वितरण गरी भष्ट्राचार जन्य कसुर गरेको देखिएमा अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कार्वाहीको लागि लेखि पठाउनु पर्नेछ।

३४. **सार्वजनिक सुनुवाई:** (१) स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाइ गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्वोधन गरी स्थानीय तहबाट सम्वोधन हुन नसक्ने गुनासा

तथा सुझाव सम्वोधनका लागि स्थानीय तह, प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

## परिच्छेद- ८
## विविध

३५. **लाभग्राहीहरुको दायित्व तथा जिम्मेवारीः** लाभग्राहीले देहाय बमोजिम दायित्व तथा जिम्मेवारी वहन गर्नु पर्नेछः-

(क) ऐनको दफा १५ बमोजिमका नागरीकले दोहोरो पर्ने गरी भत्ता लिनु नहुने,

(ख) व्यवस्थित रुमपा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गराउने कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) झुट्टा विवरण पेश गरी भत्ता प्राप्त गर्नु नहुने,

(घ) भत्ता रकम प्राप्तिका लागि तोकिएको बैंङ्क वा वित्तीय संस्थामा वचत खाता खोल्नु पर्ने,

(ङ) प्रत्येक वर्षको श्रावण १ गते देखि कार्तिक मसान्तभित्र आफ्नो परिचयपत्र नवीकरणका लागि निवेदन दिनु पर्ने,

(च) प्राप्त भत्ता रकम स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा गैर कानूनी वा आपराधिक कार्यमा खर्च गर्नु नहुने,

(छ) भत्ता पाउने बालबालिकाको संरक्षक, माथवर व्यक्ति वा स्याहार सुसार गर्ने व्यक्तिले प्राप्त भत्ता रकम निजहरुको पोषणका लागि खर्च गर्नु पर्ने।

(ज) संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले सामाजिक सुरक्षा भत्ता बुझिलिएकोमा सो रकम लाभग्राहीलाई बुझाउनु पर्नेछ निजले लाभग्राहीलाई रकम नबुझाएमा सो को जानकारी स्थानीय तहलाई गराउने।

(झ) स्थानीय तहका प्रमुख, उप-प्रमुख वडा अध्यक्ष, सदस्य वा प्रमुख प्रशासकीय अधिकृत समक्ष खण्ड (ज) बमोजिम जानकारी आएमा तत्काल त्यस्ता संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति मार्फत भत्ता वितरण गर्ने व्यवस्था खारेज गरी अन्य उपयुक्त ईच्छाएको व्यक्ति कायम गर्नुपर्ने छ।

३६. **प्रमुख जिल्ला अधिकारीले छानविन गर्न सक्नेः** (१) योग्यता नपुगेको वा गैर नेपाली नागरिकलाई भत्ता वितरणका लागि परिचयपत्र उपलब्ध गराएमा, स्वीकृत मापडण्ड विपरित लाभग्राही हुनका लागि झुठ्ठा परिचयपत्र वितरण गरेमा, भत्ता नपाउने व्यक्तिलाई भत्ता रकम प्रदान गरेमा वा पाउनुपर्ने व्यक्तिलाई वदनियत पुर्वक रकम प्रदान नगरेमा त्यस्ता परिचयपत्रहरू रद्द गरी परिचयपत्र प्रदान गर्ने पदाधिकारी र अनियमित ढङ्गले भत्ता वितरण गरी रकम हिनामिना गर्ने वा पाउनुपर्ने व्यक्तिलाई वदनियत पूर्वक रकम प्रदान नगर्ने उपर जुनसुकै बखत छानविन गरी प्रचलित कानून बमोजिम कारबाहीका लागि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्र सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली अनुसार वितरण गर्नको लागि तथा असक्त, असहाय लाभग्राहीलाई सरल सहज र पारदर्शी रुपमा वितरण गर्ने व्यवस्था मिलाउन सम्बद्ध सरोकारवाला वीच आवश्यक सहजीकरण तथा समन्वय गर्न सक्नेछ।

(३) प्रमुख जिल्ला अधिकारीले अनुगमन र निरिक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता पारदर्शी रूपमा वितरणको व्यवस्था मिलाउन तथा हानि नोक्सानी, हिनामिना वा दुरुपयोग भएको देखेमा आवश्यक छानविन गर्न वा गराउन सक्नेछ।

३७. **<u>सहजीकरण समिति बनाउन सक्नेः</u>** सामाजिक सुरक्षा भत्तालाई सरल, पारदर्शी र विश्वसनीय रुपमा वितरणको व्यवस्था मिलाउन तथा सामाजिक सुरक्षा ऐन तथा सामाजिक सुरक्षा नियामावली कार्यान्वयनका लागि आवश्यक सहजिकरण गर्न तथा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १९ (ग) बमोजिम समस्या समाधान गर्न र नीतिगत सुधारका लागि मन्त्रालय समक्ष सिफारिस गर्नका लागि सम्बद्ध सरोकारवाला निकाय वा पदाधिकारीहरू रहने गरी मन्त्रालयको स्वीकृती प्राप्त गरी विभागले सहजीकरण समिति बनाउन सक्नेछ।

३८. **<u>थप कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>** स्थानीय तहले भत्ताको उपयोग र प्रभावकारिता बढाउन आफैं वा नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ सस्थाको सहयोगमा देहाय बमोजिम थप कार्यक्रम सञ्चालन गर्न सक्नेछः

(क) लाभग्राही तथा अन्य नागरिकको लागि सचेतनामूलक कार्यक्रम,

(ख) बैंङ्कलाई लाभग्राहीको नजिक पुर्‍याउने कार्यक्रम,

(ग) बालबालिका, अशक्त तथा असहाय व्यक्ति, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकको हेरचाह, संरक्षण तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रम,

(घ) विपद्को परिस्थितीमा आपतकालीन सहयोग कार्य्रकमको योजना निर्माण तथा कार्यान्वयन।

३९. **<u>ऐन तथा नियमावली अनुसार हुने</u>**ः ऐन तथा नियमावलीमा उल्लेख भएका विषयहरु सोही बमोजिम र अन्य विषयहरु यस कार्यविधि बमोजिम हुनेछ।

४०. **<u>बाधा अड्काउ फुकाउनेः</u>** (१) यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन र आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) बिभागले नेपाल सरकारबाट भएका निर्णयहरु समाबेश गरी मन्त्रालयको सहमतिमा कार्यबिधिको अनूसूचीमा हेरफेर गर्न सक्नेछ ।

४१. **<u>खारेजी र बचाउः</u>** (१) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ३ (ग)सँग सम्बन्धित)

**<u>बसाइँ सराइ गर्नेको लगत स्थानान्तरण फारामको ढाँचा</u>**

..............................नगर/गाउँ कार्यपालिकाको कार्यालय

वडा नं.......................

जिल्ला.................प्रदेश.................

मितिः ....।..।...

विषयः लाभग्राहीको लगत स्थानान्तरण सम्बन्धमा।

श्री नगर/गाउँ कार्यपालिकाको कार्यालय

वडा नं. .........

जिल्ला.................

प्रदेश.................

प्रस्तुत विषयमा देहायको विवरण भएको लाभग्राहीले तहाँ कार्यालयमा सामाजिक सुरक्षा भत्ता स्थानान्तरण गर्नका लागि निवेदन दिएकाले आर्थिक वर्ष......... को ........ चौमासिक देखि निजको निवेदन माग बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरी लगत कायम गरिदिनुहुन अनुरोध छ।

**<u>लाभग्राहीको विवरण</u>**

| | | | | |
|---|---|---|---|---|
| नाम थर | | | | |
| नागरिकता प्रमाणपत्र नं. | | | | |
| सामाजिक सुरक्षा परिचयपत्र नं. | | | | |
| अन्तिम पटक भत्ता प्राप्त गरेको | आ.व. | .......... | चौमासिक | .......... |

..................

(हस्ताक्षर)

नाम थरः

पदः वडा सचिव

<u>तपशील</u>

१. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान एक,

२. बसाइँ सरी आएको प्रमाण पत्रको प्रतिलिपि थान एक,

३. भत्ता बुझ्ने परिचयपत्रको सक्कलै थान एक,

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

**<u>परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा</u>**

मितिः ....।..।...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री अध्यक्षज्यू,

................................गाउँपालिका / नगरपालिका

वडा नं. ...............

जिल्ला..................

प्रदेश..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

नाम थर:-

लिङ्ग:-

लक्षित समूह:-

सामाजिक सुरक्षा परिचयपत्र नं:-

राष्ट्रिय परिचयपत्र नं.:-

सम्पर्क मोबाइल नं:-

दस्तखत:-

मिति:-

**संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)**

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम थरः-................................ दस्तखतः-.............

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः सम्पर्क मोबाईल नं.ः-

राष्ट्रिय परिचयपत्र नं.ः- नागरीकता प्रमाणपत्र नं. :-

जारी भएको जिल्ला र मितिः-

**कार्यालय प्रयोजनको लागि**

दर्ता नं.ः-

रुजु गर्ने कर्मचारीकोः

नाम थरः दस्तखतः

पदः मितिः

अनुसूची ३

(दफा ४ को उपदफा (५)सँग सम्बन्धित)

**<u>नवीकरण भएका लाभग्राहीको सूची</u>**

प्रदेश: जिल्ला: गाउँ/नगरपालिका: वडा नं.:

| आर्थिक वर्षः ......... को लागि नवीकरण भएका लाभग्राहीको सुची | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | लाभग्राहीको नाम | सामाजिक सुरक्षा परिचपत्र नं. | लक्षित समूह | दर्ता नविकरण निवेदन मिति | वडा सचिवको हस्ताक्षर |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची ४

(दफा ७ सँग सम्बन्धित)

## लाभग्राहीहरुको एकीकृत संख्यात्मक विवरण र अनुमानित बजेट

### (क) **अनुमानित बजेट**

प्रदेशः जिल्लाः गाउँ/नगरपालिकाः आर्थिक वर्षः चौमासिकः

| वडा नं | एकल महिला जेष्ठ नागरिक | | दलित जेष्ठ नागरिक | | अन्य जेष्ठ नागरिक | | आर्थिक रूपले विपन्न | | अशक्त र असहाय अवस्था मा रहेका व्यक्ति | | असहाय एकल महिला | | अपाङ्गता भएका | | बालबालिका | | आफ्नो हेरचाह आफै गर्न नसक्ने | | लोपोन्मुख जाति | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | |

## (ख) **संख्यात्मक विवरण**

प्रदेशः जिल्लाः गाउँ/नगरपालिकाः आर्थिक वर्षः चौमासिकः

| लक्षित समूह | नवीकरण भएको संख्या (१) | पहिलो चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | वार्षिक कायम संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थप संख्या (२) | लगत कट्टा (३) | जम्मा संख्या (क=१+२-३) | थप संख्या (४) | लगत कट्टा (५) | जम्मा संख्या (ख=क+४- ५) | थप संख्या (६) | लगत कट्टा (७) | जम्मा संख्या (ग=ख +६ - ७) | महिला | पुरुष | अन्य | जम्मा संख्या |
| एकल महिला जेष्ठ नागरिक | | | | | | | | | | | | | | |
| दलित जेष्ठ नागरिक | | | | | | | | | | | | | | |
| अन्य जेष्ठ नागरिक | | | | | | | | | | | | | | |
| आर्थिक रुपले विपन्न | | | | | | | | | | | | | | |
| अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति | | | | | | | | | | | | | | |
| असहाय एकल महिला | | | | | | | | | | | | | | |
| अपांगता भएका | | | | | | | | | | | | | | |
| बालबालिका | | | | | | | | | | | | | | |
| आफ्नो हेरचाह आफै गर्न नसक्ने | | | | | | | | | | | | | | |
| लोपोन्मुख जाति | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | |

अनुसूची ५

(दफा ९ (ग)सँग सम्बन्धित)

**१. बाल पोषणसँग सम्बन्धित नेपाल सरकारले तोकेका क्षेत्र र जिल्ला (एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई)**

१. हुम्ला
२. जुम्ला
३. डोल्पा
४. मुगु
५. कालिकोट
६. अछाम
७. बझाङ्ग
८. रौतहट
९. महोत्तरी
१०. सर्लाही
११. सिराहा
१२. डोटी
१३. बाजुरा
१४. जाजरकोट
१५.सप्तरी
१६.बारा
१७.धनुषा
१८.रसुवा
१९.रुकुम पूर्व
२०.रुकुम पश्चिम
२१.रोल्पा
२२.कपिलवस्तु
२३.बैतडी
२४.सल्यान
२५.दैलेख

अनुसूची ६

(दफा १३सँग सम्बन्धित)

## सामाजिक सुरक्षा भत्ताको दर

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम रु. |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | ७० वर्ष उमेर पुगेको | ३०००। |
| २. | अन्य ज्येष्ठ नागरिक | साविक कर्णालीका जिल्लाहरुः ६० वर्ष उमेर पुगेको<br>दलितः ६० वर्ष उमेर पुगेको | २०००/- |
| ३. | एकल महिला | विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेका ६० वर्ष उमेर पुगेका र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका | २०००/- |
| ४. | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका | २०००/- |
| ५. | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट ‘क वर्ग’ अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | ३०००/- |
| ६. | अति अशक्त अपाङ्गता | सम्बन्धित निकायबाट ‘ख वर्ग’ अर्थात् नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | १६००/- |
| ७. | लोपोन्मुख आदिवासी/ जनजाति | कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया | ३०००/- |
| ८. | बालबालिका | अनुसूची ५ बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ४००/- |

अनुसूची ७

## (दफा १४ को उपदफा ५ सँग सम्बन्धित)

## भरपाई प्रतिवेदन

प्रदेश: जिल्ला: गा.पा/न.पा.: वडा नं.: लागू हुने आर्थिक वर्ष: चौमासिक:

| क्र. सं. | लक्षित समूह | सामाजिक सुरक्षा परिचयपत्र नं. | नाम थर | लिङ्ग | जन्म मिति | नागरिकता नं | लागू हुने मिति (वि.सं.) | संरक्षकको नाम | भत्ता रकम (रू) | भत्ता बुझ्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची ८

**(दफा १४ को उपदफा ५सँग सम्बन्धित)**

फर्वाड/रिभर्स फिडको ढाँचा

प्रदेश:  जिल्लाः  गा.पा./न.पा.:  आर्थिक वर्ष:  चौमासिक / महिना:

बैंङ्क कोडः  शाखा कोडः  सेवा प्रदायक संस्थाको नामः  व्याच नं.:

| क्र.सं. | वडा नं. | लक्षित समूह | सामाजिक सुरक्षा परिचयपत्र | लाभग्राहीको नाम | लिङ्ग | जन्म मिति (वि.सं.) | नागरिकता प्रमाणपत्र नं. | नागरिकता जारी मिति | नागरिकता जारी जिल्ला | जन्म दर्ता नं. | हजुरबुबाको नाम | बुबाको नाम | आमाको नाम | संरक्षकको नाम | नाता | पुरा हुने मिति(वि.सं.) | भत्ता रकम | खाता नं. | जम्मा भएको रकम | जम्मा गरिएको मिति | अन्तिम पटक खाताबाट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची ९

**दफा २१सँग सम्बन्धित**

नेपाल राजपत्रमा प्रकाशित मिति २०७७।०७।२४ को सूचना

नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपालका सात सय त्रिपन्न स्थानीय तह मध्ये देहायका स्थानीय तहमा देहायको मिति देखि अनिवार्य रुपमा बैङ्किङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था लागु गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**(क) देहायका स्थानीय तहमा मिति २०७७/०८/०१ देखिः-**

| क.सं. | स्थानीय तह | पालिका | जिल्ला |
|---|---|---|---|
| १ | फुङलिङ | नगरपालिका | ताप्लेजुङ |
| २ | आठराई त्रिवेणी | गाउँपालिका | ताप्लेजुङ |
| ३ | सिदिङ्वा | गाउँपालिका | ताप्लेजुङ |
| ४ | मेरिङदेन | गाउँपालिका | ताप्लेजुङ |
| ५ | पाथीभरा याङवरक | गाउँपालिका | ताप्लेजुङ |
| ६ | फिदिम | नगरपालिका | पाँचथर |
| ७ | हिलिहाङ | गाउँपालिका | पाँचथर |
| ८ | कुम्मायक | गाउँपालिका | पाँचथर |
| ९ | याङवरक | गाउँपालिका | पाँचथर |
| १० | ईलाम | नगरपालिका | ईलाम |
| ११ | माई | नगरपालिका | ईलाम |
| १२ | सूर्योदय | नगरपालिका | ईलाम |
| १३ | चुलाचुली | गाउँपालिका | ईलाम |
| १४ | माईजोगमाई | गाउँपालिका | ईलाम |
| १५ | सन्दकपुर | गाउँपालिका | ईलाम |
| १६ | मेचीनगर | नगरपालिका | झापा |
| १७ | दमक | नगरपालिका | झापा |
| १८ | कनकाई | नगरपालिका | झापा |
| १९ | भद्रपुर | नगरपालिका | झापा |
| २० | अर्जुनधारा | नगरपालिका | झापा |
| २१ | शिवसताक्षी | नगरपालिका | झापा |

| | | | |
|---|---|---|---|
| २२ | गौरादह | नगरपालिका | झापा |
| २३ | बिर्तामोड | नगरपालिका | झापा |
| २४ | कमल | गाउँपालिका | झापा |
| २५ | झापा | गाउँपालिका | झापा |
| २६ | बुद्धशान्ति | गाउँपालिका | झापा |
| २७ | हल्दीबारी | गाउँपालिका | झापा |
| २८ | कचनकवल | गाउँपालिका | झापा |
| २९ | खाँदवारी | नगरपालिका | संखुवासभा |
| ३० | म्याङलुङ | नगरपालिका | तेह्रथुम |
| ३१ | छथर | गाउँपालिका | तेह्रथुम |
| ३२ | फेदाप | गाउँपालिका | तेह्रथुम |
| ३३ | भोजपुर | नगरपालिका | भोजपुर |
| ३४ | षडानन्द | नगरपालिका | भोजपुर |
| ३५ | रामप्रसादराई | गाउँपालिका | भोजपुर |
| ३६ | साल्पासिलिछो | गाउँपालिका | भोजपुर |
| ३७ | आमचोक | गाउँपालिका | भोजपुर |
| ३८ | पाख्रिवास | नगरपालिका | धनकुटा |
| ३९ | धनकुटा | नगरपालिका | धनकुटा |
| ४० | विराटनगर | महानगरपालिका | मोरङ |
| ४१ | लेटाङ | नगरपालिका | मोरङ |
| ४२ | पथरी शनिश्चरे | नगरपालिका | मोरङ |
| ४३ | रंगेली | नगरपालिका | मोरङ |
| ४४ | सुनवर्षी | नगरपालिका | मोरङ |
| ४५ | सुन्दरहरैंचा | नगरपालिका | मोरङ |
